विधेयक संख्या :

# लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

२०८१

**सङ्घीय संसद सचिवालय**

संसद भवन, सिंहदरबार

## उद्देश्य र कारण

नेपालमा लगानीको वातावरणलाई सहज बनाउन आयोजना गरिएको सम्मेलन २०८१ को क्रममा नीतिगत सुधार गर्न, कानुन परिमार्जन गर्न आवश्यक भएको र अध्यादेश जारी हुँदाको बखत सङ्घीय संसदको अधिवेशन नभएकोले "लगानी सहजीकरण सम्बन्धी केहि नेपाल ऐन संशोधन अध्यादेश २०८१" जारी भएको हो।

उक्त अध्यादेश नेपालको संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (क) बमोजिम सङ्घीय संसदमा पेश भई स्वीकृत भईसकेकोले सो अध्यादेशलाई प्रतिस्थापन गर्न तर्जुमा गरिएको "लगानी सहजीकरण सम्बन्धी केहि नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक " प्रस्तुत गरेको छु।

प्रस्तुत विधेयकमा स्टार्टअप उद्योगको दर्ता, उद्योगको सञ्चालन म्याद थप विदेशी लगानी तथा प्रविधि हस्तान्तरण गर्ने विषयमा थप स्पष्टता, करारमा वस्तु उत्पादन गर्ने विषय र विशेष आर्थिक क्षेत्रका उद्योगले पाउने सहुलियतलाई वृद्धि गरेको छ। लगानीलाई सहज बनाउन जग्गा प्राप्ति गर्ने विषयमा सहजता कायम गर्ने, वन क्षेत्रमा प्राथमिकता प्राप्त उद्योग स्थापना गर्ने विषयलाई सहज बनाउने, सरकारको स्वीकृति लिई खरिद गरेको हदबन्दी भन्दा बढीको जग्गाको ५० प्रतिशतसम्म उद्योगको क्षमता वृद्धि गर्ने धितो राख्न पाउने व्यवस्था गरिएको छ। लगानी वातावरणलाई थप सहज बनाउन विधेयक मार्फत औद्योगिक व्यवसाय ऐन, २०७६, भूमि सम्बन्धी ऐन, २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, जग्गा प्राप्ति ऐन, २०३४, विशेष आर्थिक क्षेत्र ऐन, २०७३, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, वन ऐन, २०७६ मा समय अनुकुल संशोधनको प्रस्ताव गरिएको छ।

(दामोदर भण्डारी)
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# आर्थिक टिप्पणी

प्रस्तुत विधेयक मुलुकको औद्योगिक वातावरणलाई लगानी मैत्री तथा प्रतिस्पर्धी बनाई औद्योगिक वस्तु वा सेवाको उत्पादन र रोजगारीका अवसर अभिवृद्धि गर्न प्रचलित नेपाल ऐनहरुलाई संशोधन गर्ने विषयहरू समावेश भएको हुँदा हाल भइरहेको प्रशासनिक तथा साङ्गठनिक संरचनाबाटै कार्यान्वयन गर्न सकिने भएकोले विधेयकको व्यवस्थाबाट नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने अवस्था छैन।

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा रहेको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहाय बमोजिम पेश गरिएको छः-

| क्र.सं. | ऐन र दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ | | | |
| | दफा ५क. | राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्रलाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अतिसंवेदनशिल क्षेत्र भनी तोक्न आवश्यक भएकोले। | राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्रलाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अतिसंवेदनशिल क्षेत्र तोकिने। | राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको अतिसंवेदनशिल क्षेत्र संरक्षण हुने। |
| | दफा ६ को उपदफा (१क) | तोकिएको क्षेत्र बाहेक राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्र वा मध्यवर्ती क्षेत्रमा प्रकृति र मानव सहअस्तित्त्व कायम हुने गरी राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत आयोजना वा राष्ट्रिय गौरवको आयोजना सञ्चालन गर्न आवश्यक भएकोले। | प्रकृति र मानव सहअस्तित्त्व कायम हुने गरी राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत आयोजना वा राष्ट्रिय गौरवको आयोजना सञ्चालन गर्न दिईने। | संरक्षित क्षेत्रमा हुने विकास निर्माणको कार्य व्यवस्थित हुने। |
| २. | सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ | | | |
| | दफा ५८क. | नियुक्त कर्मचारीको नियुक्ति प्रक्रिया, पदनाम, पदीय जिम्मेवारी, सेवाका शर्त, पारिश्रमिक तथा सुविधा सरकारबाट तोक्न आवश्यक भएकोले। | नियुक्त कर्मचारीको नियुक्ति प्रक्रिया, पदनाम, पदीय जिम्मेवारी, सेवाका शर्त, पारिश्रमिक तथा सुविधा नियमावली बनाई कार्यान्वयन गर्ने। | नियुक्त कर्मचारीको नियुक्ति प्रक्रिया, पदनाम, पदीय जिम्मेवारी, सेवाका शर्त, पारिश्रमिक तथा सुविधामा एकरूपता कायम हुने। |

| क्र.सं. | ऐन र दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| ३. | <u>औद्योगिक व्यवसाय ऐन, २०७६</u> | | | |
| | दफा ४क. को उपदफा (५) | स्टार्टअप उद्यमको दर्ता तथा सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्नुपर्ने भएकोले। | स्टार्टअप उद्यमको दर्ता तथा सञ्चालन गर्ने सम्बन्धमा नियमावली बनाई व्यवस्थित गर्ने। | उद्यमको दर्ता तथा सञ्चालनमा सहजिकरण हुने। |
| | दफा २९ को खण्ड (ड) | उद्योगले स्वीकृत कच्चा पदार्थ खपतको क्षमता अनुसार कच्चा पदार्थ प्रयोग गर्दा खेर जाने कच्चा पदार्थ (जर्ति) को मापदण्ड उद्योग दर्ता गर्ने निकाय तोक्न आवश्यक भएकोले। | उद्योगले स्वीकृत कच्चा पदार्थ खपतको क्षमता अनुसार कच्चा पदार्थ प्रयोग गर्दा खेर जाने कच्चा पदार्थ (जर्ति) को मापदण्ड बनाई लागु गर्ने। | उद्योगबाट उत्पादित वस्तुको वास्तविक लागत निर्धारण हुने। |
| | दफा २९ को खण्ड (ढ) | एक अर्बभन्दा बढी पुँजी लगानीमा स्थापना हुने सूचना प्रविधि क्षेत्रसँग सम्बन्धित उद्योगलाई नेपाल सरकारले प्रोत्साहन तथा सुविधा प्रदान गर्न आवश्यक भएकोले। | एक अर्बभन्दा बढी पुँजी लगानीमा स्थापना हुने सूचना प्रविधि क्षेत्रसँग सम्बन्धित उद्योगलाई प्रोत्साहन तथा सुविधा नियमावली बनाई लागु गर्ने। | सूचना प्रविधि क्षेत्रसँग सम्बन्धित उद्योगलाई प्रोत्साहन तथा सुविधा उपलब्ध गराउन सहज हुने। |
| | दफा २९ को खण्ड (ण) | स्टार्टअप उद्यमलाई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले प्रोत्साहन, छुट, सहुलियत वा वित्तीय तथा गैरवित्तीय सुविधा प्रदान गर्न आवश्यक भएकोले। | स्टार्टअप उद्यमलाई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले प्रोत्साहन, छुट, सहुलियत वा वित्तीय तथा गैरवित्तीय सुविधा नियमावली बनाई लागु गर्ने। | स्टार्टअप उद्यमलाई प्रोत्साहन, छुट, सहुलियत वा वित्तीय तथा गैरवित्तीय सुविधा उपलब्ध गराउन सहज हुने। |

# व्याख्यात्मक टिप्पणी

| क्र.सं. | संशोधन प्रस्ताव गरिएको ऐनको नाम | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १. | भूमि सम्बन्धी ऐन, २०२१ | निर्धारित समय भित्र निवेदन दिन नसकेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले यो उपदफा प्रारम्भ भएको मितिले एक वर्षभित्र हदबन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली स्वीकृतिको लागि मन्त्रालय मार्फत नेपाल सरकार समक्ष निवेदन दिने व्यवस्था, कुनै उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको हदबन्दीभन्दा बढी जग्गा रहेकोमा विभाग तथा कार्यालयले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको हदबन्दीभित्र रहेको र हदबन्दीभन्दा बढी रहेको जग्गाको अभिलेख बनाई राख्नु पर्ने व्यवस्था र उद्योगको उत्पादन नघट्ने गरी निरन्तर संचालनको सुनिश्चितता भएमा वित्तीय संस्थाको ऋण तथा दायित्व फरफारक गर्न सकार गरेको जग्गा बेचबिखन गर्नसक्ने व्यवस्था थपिएको। |
| २. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ | राष्ट्रिय निकुन्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको जैविक विवधतामा असर नपर्ने गरी कुनै क्षेत्रलाई अति संवेदनशील क्षेत्र भनी तोक्न उपयुक्त हुने र संरक्षित क्षेत्रमा गर्नुपर्ने विकास निर्माणलाई सहजीकरण गर्न र तोकिएको क्षेत्र बाहेक राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्र वा मध्यवर्ती क्षेत्रमा प्रकृति र मानव सहअस्तित्त्व कायम हुने गरी राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत आयोजना वा राष्ट्रिय गौरवको आयोजना सञ्चालन गर्न नेपाल सरकारले तोकिए बमोजिम स्वीकृति दिनसक्ने व्यवस्था थपिएको। |
| ३. | जग्गा प्राप्ति ऐन, २०३४ | मुआब्जा निर्धारणमा एकरूपता कायम गर्नुका साथै प्रक्रियालाई सरलीकृत एवं अनुमानयोग्य तुल्याउन व्यवस्था थपिएको। |
| ४. | विशेष आर्थिक क्षेत्र ऐन, २०७३ | विशेष आर्थिक क्षेत्रमा हाल संचालनमा रहेका उद्योग स्थानान्तरण गरी सञ्चालन गर्दा र अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापना भएको उद्योगले उत्पादन सुरु गरेको मितिले चार वर्षसम्म उत्पादनको कम्तीमा पन्ध्र प्रतिशत र त्यसपछिका वर्षमा उत्पादनको कम्तीमा तीस प्रतिशत वस्तु वा सेवा निर्यात गर्ने व्यवस्था हुँदा विशेष आर्थिक क्षेत्र पुर्ण संचालनमा आउन सक्ने भएकोले कानूनी व्यवस्था थप गरिएको। |
| ५. | सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ | लगानीकर्ताहरूलाई दिने सुविधाको सम्बन्धमा अर्थ मन्त्रालयको प्रतिनिधित्व हुँदा निर्णय प्रक्रियामा सिघ्रता एवं सहजता हुने भएको र स्थायी कर्मचारीको व्यवस्था हुँदा संस्थागत विशेषज्ञता विकास |

| क्र.सं. | संशोधन प्रस्ताव गरिएको ऐनको नाम | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | भई लगानीलाई थप सहजिकरण गर्न र यो ऐन कार्यान्वयनको क्रममा आर्थिक दायित्व सिर्जना हुने विषयमा बोर्डले नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्वसहमति लिनु पर्ने व्यवस्था समेत गरिएकोले अनुमति बिना थप आर्थिक दायित्व सिर्जना हुँदैन। |
| ६. | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ | विदेशी लगानीको वातावरण थप सहज गर्न र लगानी प्रकृयामा सिघ्रता एवं सहजता ल्याउन करारमा वस्तु उत्पादन गर्न, एकल बिन्दु सेवा केन्द्रको लक्ष्य प्राप्तीमा सहजता ल्याउन र विद्युतिय प्लेटफर्मको प्रयोग गरी सेवा प्रवाह गर्नेगरि सुरू हुन चाहेका राइड सेयरिङ्गलाई वर्गीकरणमा समावेश गर्ने व्यवस्थाले यस प्रकारको सेवा संचालन गर्दा नेपालीको समेत लगानी हुँदा लगानीको प्रतिफल देश भित्रका उद्यमीहरूले प्राप्त गर्ने व्यवस्था थप गरिएको। |
| ७. | वन ऐन, २०७६ | वन ऐन, २०७६ को दफा २ को खण्ड (द) को उपखण्ड (३) मा रहेको नदीजन्य र खनिजजन्य पदार्थ हटाउन र ढुङ्गा भन्ने शब्द थप गरी खानी तथा खनिज पदार्थ ऐन, २०४२ अनुकुल बनाउन प्रस्ताव गरिएको। |
| ८. | औद्योगिक व्यवसाय ऐन, २०७६ | स्टार्टअप उद्यम तथा व्यवसायको परिभाषामा स्पष्टता ल्याउन, प्रदेशले उद्योग प्रशासन गर्ने सीमा उद्योग मन्त्रालयको परिपत्रबाट १० करोड कायम गरिएकोले प्रदेशलाई थप अधिकार सम्पन्न गराउने गरी अधिकार प्रदान गर्न, उद्योग प्रशासनको कार्य छिटो छरितो गराउन, दर्ता भई पूर्वाधार निर्माणको चरणमा रहेका र संचालनमा आउन नसकेका उद्योगहरूको संचालनका लागि सहजिकरण गर्न, समान उद्देश्य भएका कुनै उद्योग, फर्म, कम्पनी वा प्रतिष्ठानले एक आपसमा करार गरी उत्पादन गर्नसक्ने व्यवस्थालाई सहज वनाई उत्पादन लागत घटाउने व्यवस्था थप गरिएको। |

# <u>लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** लगानी प्रवर्द्धन गर्ने कार्यलाई सहजीकरण गर्न केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **<u>भूमि सम्बन्धी ऐन, २०२१ मा संशोधनः</u>** भूमि सम्बन्धी ऐन, २०२१ को,-

(१) दफा १२क. को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम निवेदन दिन नसकेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले यो उपदफा प्रारम्भ भएको मितिले एक वर्षभित्र हदबन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली स्वीकृतिको लागि मन्त्रालय मार्फत नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ।"

(ख) उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरु पछि "वा (१क)" भन्ने शब्दहरु थपिएका छन्।

(ग) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) दफा १२ वा यस दफा बमोजिम कुनै उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको हदबन्दीभन्दा बढी जग्गा रहेकोमा विभाग तथा कार्यालयले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको हदबन्दीभित्र रहेको र हदबन्दीभन्दा बढी रहेको जग्गाको अभिलेख बनाई राख्नु पर्नेछ।"

(२) दफा १२ग. को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (२) पछि देहायको खण्ड (३) थपिएको छः-

"(३) नेपाल सरकारद्वारा जारी सूचित आदेश बमोजिम स्वीकृति लिई हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न अनुमतिप्राप्त सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको रोजगारी तथा उत्पादन नघट्ने र निरन्तर सञ्चालन हुन सक्ने भएमा बैङ्क तथा वित्तीय संस्थाको ऋण फरफारख र दायित्व भुक्तानी गर्नको लागि खरिद गरेको दफा ७ बमोजिमको हदभित्रको जग्गा मन्त्रालयले तोकेको शर्तको अधीनमा रही मन्त्रालयको स्वीकृतिमा एक पटकको लागि बिक्री वितरण गर्न बाधा पर्ने छैन।

तर त्यसरी हदभित्रको जग्गा बिक्री वितरण गरिएको कारणले जग्गा बिक्री गर्नुभन्दा अघि हदबन्दीभन्दा बढी रहेको जग्गा दफा ७ बमोजिमको हदभित्र कायम भएको मानिने छैन।"

(३) दफा १२ङ. पछि देहायको दफा १२च. थपिएको छः-

"**१२च.** **<u>सकार गरेको जग्गा बेचबिखन गर्नु पर्नेः</u>** बैङ्क वा वित्तीय संस्था वा सहकारी सङ्घ संस्थाले कर्जा सुरक्षण बापत धितो लिएको जग्गा लिलाम बिक्री गर्दा कसैले लिलाम सकार नगरी सम्बन्धित बैङ्क वा वित्तीय संस्था वा सहकारी सङ्घ संस्था आफैंले सकार गर्दा हदबन्दीभन्दा बढी हुने भएमा त्यस्तो जग्गा सकार गरेको मितिले तीन वर्षभित्र बेचबिखन गरी सक्नु पर्नेछ। सो अवधिभित्र बेचबिखन नगरेमा त्यस्तो जग्गा बेचबिखन गर्नको लागि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।”

**३.** **<u>राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा संशोधनः</u>** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को,-

(१) दफा ५ पछि देहायको दफा ५क. थपिएको छः-

**“५क.** **<u>अतिसंवेदनशील क्षेत्र तोक्न सक्नेः</u>** नेपाल सरकारले आवश्यक ठानेमा राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्रलाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अतिसंवेदनशील क्षेत्र भनी तोक्न सक्नेछ।”

(२) दफा ६ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) दफा ५क. बमोजिम तोकिएको क्षेत्र बाहेक राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्र वा मध्यवर्ती क्षेत्रमा प्रकृति र मानव सहअस्तित्त्व कायम हुने गरी राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत आयोजना वा राष्ट्रिय गौरवको आयोजना सञ्चालन गर्न नेपाल सरकारले तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ।"

**४.** **<u>जग्गा प्राप्ति ऐन, २०३४ मा संशोधनः</u>** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १६ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम मुआब्जा निर्धारण गर्दा रजिष्ट्रेसनको प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम मूल्याङ्कनको तीन गुणाभन्दा बढी मुआब्जा रकम निर्धारण गरिने छैन।"

**५.** **<u>विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा संशोधनः</u>** विशेष आर्थिक क्षेत्र ऐन, २०७३ को,-

(१) दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"**७.** **<u>विशेष आर्थिक क्षेत्रमा उद्योग स्थानान्तरण गरी सञ्चालन गर्न सक्नेः</u>** यो दफा प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम दर्ता भई वा अनुमतिपत्र लिई विशेष आर्थिक क्षेत्र बाहिर सञ्चालनमा रहेको

उद्योगको लगानीकर्ताले प्रयोगमा ल्याइसकेको मेशिन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गरी उद्योग सञ्चालन गर्न सक्नेछ।"

(२) दफा १३ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापना भएको उद्योगले उत्पादन सुरु गरेको मितिले चार वर्षसम्म उत्पादनको कम्तीमा पन्ध्र प्रतिशत र त्यसपछिका वर्षमा उत्पादनको कम्तीमा तीस प्रतिशत वस्तु वा सेवा निर्यात गर्नु पर्नेछ।"

(ख) उपदफा (२) मा रहेका "एक वर्षभित्र" भन्ने शब्दहरुको सट्टा "तीन वर्षसम्म" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा २७ को उपदफा (२) मा रहेका "दफा ७ को उपदफा (२) बमोजिम" भन्ने शब्दहरुको सट्टा "दफा ७ बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

६. **<u>सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ मा संशोधन</u>**ः सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को,-

(१) दफा ९ को उपदफा (१) को,-

(क) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) सचिव, अर्थ मन्त्रालय - सदस्य"

(ख) खण्ड (झ) मा रहेका "खण्ड (ठ)" भन्ने शब्दहरुको सट्टा "खण्ड (ज)" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १० को,-

(क) उपदफा (२) मा रहेका "कर्मचारीको दरबन्दी" भन्ने शब्दहरु पछि "बोर्डको सिफारिसमा" भन्ने शब्दहरु थपिएका छन्।

(ख) उपदफा (३) झिकिएको छ।

(३) दफा ५८ पछि देहायको दफा ५८क. थपिएको छः-

**५८क. <u>स्थायी कर्मचारी</u>**ः (१) कार्यालयमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरह वा सोभन्दा तल्लो पदमा दफा १० को उपदफा (२) बमोजिमको सङ्गठनात्मक संरचनामा स्वीकृत दरबन्दी बमोजिमका स्थायी कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति लोक सेवा आयोगको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतबाट हुनेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको नियुक्ति प्रक्रिया, पदनाम, पदीय जिम्मेवारी, सेवाका शर्त, पारिश्रमिक तथा सुविधा तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

(४) दफा ५९ को,-

(क) दफा शीर्षकमा रहेको "सम्बन्धी" भन्ने शब्द पछि "अन्य" भन्ने शब्द थपिएको छ।

(ख) उपदफा (१) मा रहेका "बोर्डलाई आवश्यक पर्ने कर्मचारी" भन्ने शब्दहरुको सट्टा "दफा ५८क. मा लेखिएदेखि बाहेक बोर्डलाई आवश्यक पर्ने अन्य कर्मचारी" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा ६१ मा रहेका “निकाय वा पदाधिकारीलाई” भन्ने शब्दहरुपछि “र प्रमुख कार्यकारी अधिकृतले यस ऐन बमोजिम आफूलाई प्राप्त केही अधिकार आफ्नो मातहतको कर्मचारीलाई” भन्ने शब्दहरु थपिएका छन्।

(६) दफा ६८ को सट्टा देहायको दफा ६८ राखिएको छः-

"**६८. <u>नेपाल सरकारसँग सम्पर्क</u>:** (१) बोर्डले नेपाल सरकारसँग सम्पर्क गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परियोजना कार्यान्वयन गर्ने सन्दर्भमा बोर्डले नेपाल सरकारका सम्बन्धित मन्त्रालय, निकाय वा अन्य जुनसुकै सरकारी वा गैरसरकारी संस्थासँग सोझै सम्पर्क गर्न सक्नेछ।"

(७) दफा ६८ पछि देहायको दफा ६८क. थपिएको छः-

"**६८क. <u>पूर्वसहमति लिनु पर्ने</u>:** यो ऐन कार्यान्वयनको क्रममा आर्थिक दायित्व सिर्जना हुने विषयमा बोर्डले नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्वसहमति लिनु पर्नेछ।"

**७. <u>विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा संशोधन</u>:** विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को,-

(१) दफा २ को,-

(क) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) "गैरआवासीय नेपाली" भन्नाले प्रचलित कानून बमोजिम गैरआवासीय नेपाली नागरिकता वा गैरआवासीय नेपाली परिचयपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।"

(ख) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "प्रविधि हस्तान्तरण" भन्नाले उद्योग र विदेशी लगानीकर्ताबीच वा नेपालमा स्थापना भई सञ्चालनमा रहेको उद्योग वा कम्पनी र विदेशस्थित उद्योग, फर्म वा कम्पनीबीच देहायको विषयमा सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण सम्झनु पर्छः-

(१) पेटेण्ट, डिजायन, ट्रेडमार्क, व्यापारिक ख्याति (गुडवील), प्राविधिक विशिष्टता, प्राविधिक ज्ञानको प्रयोग (फ्रेञ्चाइज), सूत्र (फर्मुला), प्रक्रिया,

(२) उपयोगको इजाजत (युजर्स लाइसेन्स) वा प्राविधिक जानकारी प्रदान (नो हाउ शेयरिङ्ग),

(३) व्यवस्थापन तथा प्राविधिक सेवा,

(४) रिभर्स इञ्जिनियरिङ्ग।"

(२) दफा ७ पछि देहायको दफा ७क. थपिएको छः-

"**७क. <u>विदेशमा प्रविधि हस्तान्तरण गर्न सक्नेः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा स्थापना भई सञ्चालनमा रहेको उद्योग वा कम्पनीले विदेशस्थित उद्योग, फर्म वा कम्पनीमा प्रविधि हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रविधि हस्तान्तरण गरे बापत प्राप्त हुने विदेशी मुद्रा नेपाल राष्ट्र बैङ्कको अनुमति लिई नेपालमा भित्र्याउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रविधि हस्तान्तरण गर्न कुनै उद्योग, फर्म वा कम्पनीले विभागको अनुमतिमा सम्बन्धित देशमा आफ्नो शाखा कार्यालय वा इकाई खोल्न सक्नेछ।"

(३) दफा १२ मा रहेका "मन्त्रालयको सिफारिस र" भन्ने शब्दहरु झिकिएका छन्।

(४) दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः-

"**१७. <u>विदेशी लगानीको स्वीकृतिः</u>** यस ऐन बमोजिम हुने विदेशी लगानीको स्वीकृति विभागले गर्नेछ।"

(५) दफा ४५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) विदेशी लगानी भएको उद्योगले समान उद्देश्य भएको अन्य उद्योगसँग एकआपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सब-कन्ट्र्याक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न वा गराउन सक्नेछ।"

(६) अनुसूचीको क्रमसङ्ख्या ९ पछि देहायको क्रमसङ्ख्या १० थपिएको छः-

"१०. सत्तरी प्रतिशतभन्दा बढी विदेशी लगानी हुने राइड शेयरिङ्ग।"

८. **<u>वन ऐन, २०७६ मा संशोधनः</u>** वन ऐन, २०७६ को,-

(१) दफा २ को खण्ड (द) को उपखण्ड (३) को सट्टा देहायको उपखण्ड (३) राखिएको छः-

"(३) चट्टान, ढुङ्गा र माटो।"

(२) दफा ४३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमको अन्वेषणबाट राष्ट्रिय वनभित्र खनिज पदार्थ रहेको पत्ता लागि उत्खनन् गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गरी त्यसरी उत्खनन् गर्दा वातावरणमा उल्लेख्य प्रतिकूल असर नपर्ने भएमा त्यस्तो खनिज पदार्थ उत्खनन् गर्नको लागि नेपाल सरकारले वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।

तर राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना वा लगानी बोर्डबाट स्वीकृत भएको आयोजना वा राष्ट्रिय गौरवको आयोजना वा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगमा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न बाहेक वनक्षेत्रभित्र पर्ने चट्टान, ढुङ्गा र माटो उत्खनन् गर्न पाइने छैन।"

९. **<u>औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधन:</u>** औद्योगिक व्यवसाय ऐन, २०७६ को,-

(१) दफा २ को खण्ड (थ) पछि देहायको खण्ड (थ१) थपिएको छः-

"(थ१) "स्टार्टअप उद्यम" भन्नाले दफा ४क. बमोजिमको स्टार्टअप उद्यम सम्झनु पर्छ।"

(२) दफा ४ को,-

(क) उपदफा (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) ठूला उद्योग।"

(ख) उपदफा (६) मा रहेका "नब्बे दिनको" भन्ने शब्दहरूको सट्टा "एक्काइस दिनको" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा ४ पछि देहायको दफा ४क. थपिएको छः-

"४क. **<u>स्टार्टअप उद्यमको दर्ता तथा सञ्चालन:</u>** (१) कुनै फर्म वा कम्पनीले कुनै वस्तु वा सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण तथा सिर्जनशील सोचको प्रयोग गरी व्यावसायिक रुपमा सञ्चालन गरेको देहाय बमोजिमका उद्यमलाई यस ऐन बमोजिम उद्योग दर्ता गर्ने निकायले स्टार्टअप उद्यमको रुपमा दर्ता गर्न सक्नेछः-

(क) नयाँ कम्पनी, प्राइभेट फर्म वा साझेदारी फर्मको रुपमा दर्ता भएको,

(ख) वस्तु वा सेवाको उत्पादनमा नवीन सोच र प्रविधि प्रयोग भएको,

(ग) छिटो स्तरोन्नतिको सम्भावना भएको,

(घ) खण्ड (क) बमोजिम दर्ता भएको मितिले दश वर्षको अवधि ननाघेको, र

(ङ) दर्ता पश्चात कुनै आर्थिक वर्षको वार्षिक कारोबार पन्ध्र करोड रूपैयाँ भन्दा बढी नभएको।

(२) उपदफा (१) बमोजिमको स्टार्टअप उद्यमलाई प्रवर्द्धन गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले उद्यम सम्बर्द्धन केन्द्रको सञ्चालन गर्न सक्नेछ।

(३) स्टार्टअप उद्यमको नियमन त्यस्तो उद्यमको दर्ता गर्ने निकायबाट हुनेछ।

(४) उपदफा (१) बमोजिम स्टार्टअप उद्यम दर्ता गर्ने निकायले सो सम्बन्धी विवरण छुट्टै अभिलेख तयार गरी राख्नु पर्नेछ।

(५) स्टार्टअप उद्यमको दर्ता तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(४) दफा ९ को,-

(क) उपदफा (२) मा रहेका "उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै त्यस्तो" भन्ने शब्दहरू झिकिएका छन्।

(ख) उपदफा (४) मा रहेका "वा (३)" भन्ने शब्दहरु झिकी सोही उपदफामा रहेको "निकायले" भन्ने शब्द पछि "तोकिए बमोजिमको विलम्ब शुल्क लिई" भन्ने शब्दहरु थपिएका छन्।

(ग) उपदफा (३), (५), (६) र (७) झिकिएका छन्।

(५) दफा २९ को खण्ड (ठ) पछि देहायका खण्ड (ड), (ढ) र (ण) थपिएका छन्:-

"(ड) प्रचलित कानून बमोजिम स्थापना भएको उद्योगले स्वीकृत कच्चा पदार्थ खपतको क्षमता अनुसार कच्चा पदार्थ प्रयोग गर्दा खेर जाने कच्चा पदार्थ (जर्ति) को मापदण्ड उद्योग दर्ता गर्ने निकायले तोक्न सक्ने,

(ढ) एक अर्बभन्दा बढी पुँजी लगानीमा स्थापना हुने सूचना प्रविधि क्षेत्रसँग सम्बन्धित उद्योगलाई नेपाल सरकारले तोकिए बमोजिम प्रोत्साहन तथा सुविधा प्रदान गर्न सक्ने,

(ण) स्टार्टअप उद्यमलाई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले प्रोत्साहन, छुट, सहुलियत वा वित्तीय तथा गैरवित्तीय सुविधा प्रदान गर्न सक्ने।"

(६) दफा ३२ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ:-

"(६) प्रचलित कानून बमोजिम हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमतिप्राप्त उद्योगले खरिद गरेको जग्गाको पचास प्रतिशतसम्म जग्गा विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) को आधारमा उद्योग दर्ता गर्ने

निकायले निर्धारण गरेको क्षेत्रमा उद्योगको क्षमता अभिवृद्धिको लागि बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ।

तर तोकिएको शर्तको अधीनमा रही परियोजना कर्जा (प्रोजेक्ट फाइनान्सिङ्ग) लिन भने यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि "क्षमता अभिवृद्धि" भन्नाले उद्योगको प्रबन्धपत्रमा उल्लिखित उद्देश्य अनुरूप उद्योगको उत्पादन र उत्पादकत्व बढाउने गरी पूर्वाधार विस्तार वा मेशिनरी खरिद तथा स्थापनाको लागि गरिने लगानी सम्झनु पर्छ।"

(७) दफा ५० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) समान उद्देश्य लिई प्रचलित कानून बमोजिम दर्ता भएका उद्योग, फर्म, कम्पनी वा प्रतिष्ठानले एकआपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सब-कन्ट्र्याक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न वा गराउन सक्नेछन्।"

(८) दफा ६० झिकिएको छ।

(९) दफा ६८ को उपदफा (१) को खण्ड (ङ) पछि देहायका खण्ड (ङ१) र (ङ२) थपिएका छन्:-

"(ङ१) स्टार्टअप उद्यम दर्ता तथा नियमन सम्बन्धी,

(ङ२) उद्यम सम्बर्द्धन केन्द्र (बिजनेश इन्कुवेसन सेन्टर) स्थापना, सञ्चालन तथा नियमन सम्बन्धी।"

(१०) अनुसूची-९ को क्रमसङ्ख्या १६ पछि देहायको क्रमसङ्ख्या १७ थपिएको छः-

"१७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सेवा, केबलकार।"

१०. **लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ निष्क्रिय भएपछि त्यसको परिणाम:** लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ निष्क्रिय भएपछि अर्को अभिप्रायः नदेखिएमा सो निष्क्रियताले,-

(क) सो अध्यादेश निष्क्रिय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन, र

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि सुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ।

# लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको तीन-महले विवरण

## १. भूमि सम्बन्धी ऐन, २०२१

| क्र. स. | मौजुदा ऐनको दफा/उपदफा/खण्ड | साविकको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| १. | दफा १२क. को उपदफा (१) पछि उपदफा (१क) थप | साबिकमा व्यवस्था नभएको। | (१) दफा १२क. को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः- "(१क) उपदफा (१) बमोजिम निवेदन दिन नसकेको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले यो उपदफा प्रारम्भ भएको मितिले एक वर्षभित्र हदबन्दीभन्दा बढी जग्गा आवश्यक रहेको औचित्य पुष्टि हुने कारण खोली स्वीकृतिको लागि मन्त्रालय मार्फत नेपाल सरकार समक्ष निवेदन दिन सक्नेछ।" | ऐनमा तोकिएको म्याद भित्र कोभिड -१९ को महामारी एवं बन्दाबन्दीको कारण निवेदन पेश हुन नसकेकोले पुनः निवेदन दिन सक्ने व्यवस्था गर्नुपर्ने भएकोले। |
| २. | दफा १२क. को उपदफा (२) मा संशोधन | (२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको निवेदन उपर आवश्यक छानबिन गरी व्यहोरा मनासिब देखिएमा तराई र भित्री मधेशको हकमा प्रति विगाहा एक लाख पचास हजार रुपैयाँ, काठमाडौं उपत्यकामा प्रति रोपनी पचास हजार रुपैयाँ र अन्य पहाडी क्षेत्रको हकमा प्रति रोपनी दश हजार रुपैयाँको दरले दस्तुर लिई यस ऐन बमोजिम जारी भएको सूचित आदेश बमोजिमको हदबन्दीभित्रको जग्गा राख स्वीकृति दिन सक्नेछ । यसरी | उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरु पछि "वा (१क)" भन्ने शब्दहरु थपिएका छन्। | उपदफा (१) र (१क) संग तादम्यता कायम गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | स्वीकृति दिँदा नेपाल सरकारले आवश्यक शर्तहरु तोक्न सक्नेछ । | | |
| ३. | दफा १२क. को उपदफा (३) पछि उपदफा (४) थप | साबिकमा व्यवस्था नभएको। | उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-<br>"(४) दफा १२ वा यस दफा बमोजिम कुनै उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको हदबन्दीभन्दा बढी जग्गा रहेकोमा विभाग तथा कार्यालयले त्यस्तो उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको हदबन्दीभित्र रहेको र हदबन्दीभन्दा बढी रहेको जग्गाको अभिलेख बनाई राख्नु पर्नेछ।" | हदबन्दीभन्दा बढी रहेको जग्गाको अभिलेखलाई व्यवस्थित बनाउनुपर्ने भएकोले। |
| ४. | दफा १२ग. मा संशोधन | साविकमा व्यवस्था नभएको। | (२) दफा १२ग. को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (२) पछि देहायको खण्ड (३) थपिएको छः-<br>"(३) नेपाल सरकारद्वारा जारी सूचित आदेश बमोजिम स्वीकृति लिई हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न अनुमतिप्राप्त सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको रोजगारी तथा उत्पादन नघट्ने र निरन्तर सञ्चालन हुन सक्ने भएमा बैङ्क तथा वित्तीय संस्थाको ऋण फरफारख र दायित्व भुक्तानी गर्नको लागि खरिद गरेको दफा ७ बमोजिमको हदभित्रको जग्गा मन्त्रालयले तोकेको शर्तको अधीनमा रही मन्त्रालयको स्वीकृतिमा एक पटकको लागि बिक्री वितरण गर्न बाधा पर्ने छैन।<br>तर त्यसरी हदभित्रको जग्गा बिक्री वितरण गरिएको कारणले जग्गा बिक्री गर्नुभन्दा अघि | हदवन्दी भन्दा बढी जग्गा राख्ने निकायले तोकिएको हदभित्रको जग्गा बिक्री वितरण गरी ऋण फर फारक र दायित्व भुक्तानी गर्न सक्ने व्यवस्था मिलाइ औद्योगिक वातावरण सिर्जना गर्नुपर्ने भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | हदबन्दीभन्दा बढी रहेको जग्गा दफा ७ बमोजिमको हदभित्र कायम भएको मानिने छैन।" | |
| ५. | दफा १२ ङ पछि दफा १२ च थप | साबिकमा व्यवस्था नभएको। | "**१२च. <u>सकार गरेको जग्गा बेचबिखन गर्नु पर्ने:</u>** बैङ्क वा वित्तीय संस्था वा सहकारी सङ्घ संस्थाले कर्जा सुरक्षण बापत धितो लिएको जग्गा लिलाम बिक्री गर्दा कसैले लिलाम सकार नगरी सम्बन्धित बैङ्क वा वित्तीय संस्था वा सहकारी सङ्घ संस्था आफैंले सकार गर्दा हदबन्दीभन्दा बढी हुने भएमा त्यस्तो जग्गा सकार गरेको मितिले तीन वर्षभित्र बेचबिखन गरी सक्नु पर्नेछ। सो अवधिभित्र बेचबिखन नगरेमा त्यस्तो जग्गा बेचबिखन गर्नको लागि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।" | कसैले लिलाम सकार नगरी बैङ्क वा वित्तीय संस्था वा सहकारी संघ संस्था आफैले सकार गरेको जग्गा बेचबिखन गर्ने निश्चित अवधि तोक्न उपयुक्त हुने भएकोले। |

## २. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन२०२९ ,

| क्र. स. | मौजुदा ऐनको दफा/उपदफा /खण्ड | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| १ | दफा ५ पछि दफा ५क. थप | साविकमा व्यवस्था नभएको। | (१) दफा ५ पछि देहायको दफा ५क. थप गरिएको छः-<br>"**५क. <u>अतिसंवेदनशील क्षेत्र तोक्न सक्नेः</u>** नेपाल सरकारले आवश्यक ठानेमा राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्रलाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अतिसंवेदनशील क्षेत्र भनी तोक्न सक्नेछ।" | राष्ट्रिय निकुन्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्रलाई अति संवेदनशील क्षेत्र भनी तोक्न उपयुक्त हुने भएकोले। |
| २ | दफा ६ को उपदफा (१) पछि उपदफा (१क) थप | साविकमा व्यवस्था नभएको। | दफा ६ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरिएको छः- | संरक्षित क्षेत्रमा गर्नुपर्ने विकास निर्माणलाई |

| | | | | |
|---|---|---|---|---|
| | | | "(१क) दफा ५क. बमोजिम तोकिएको क्षेत्र बाहेक राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्र वा मध्यवर्ती क्षेत्रमा प्रकृति र मानव सहअस्तित्त्व कायम हुने गरी राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत आयोजना वा राष्ट्रिय गौरवको आयोजना सञ्चालन गर्न नेपाल सरकारले तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ।" | सहजीकरण गर्नुपर्ने भएकोले। |

## ३. जग्गा प्राप्ति ऐन, २०३४

| **क्र. स.** | **मौजुदा ऐनको दफा/उपदफा/खण्ड** | **साविकको व्यवस्था** | **संशोधित व्यवस्था** | **संशोधन गर्नु पर्नाको औचित्य र कारण** |
|---|---|---|---|---|
| १. | दफा १६ को उपदफा (२) पछि उपदफा (३) थप | साविकमा व्यवस्था नभएको। | दफा १६ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गरिएको छः-<br>"(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम मुआब्जा निर्धारण गर्दा रजिष्ट्रेसनको प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम मूल्याङ्कनको तीन गुणाभन्दा बढी मुआब्जा रकम निर्धारण गरिने छैन।" | मुआब्जा निर्धारण प्रक्रियालाई सरलीकृत एवं अनुमानयोग्य तुल्याउन उपयुक्त भएकोले। |

## ४. विशेष आर्थिक क्षेत्र ऐन, २०७३

| **क्र. स.** | **मौजुदा ऐनको दफा/उपदफा/खण्ड** | **साविकको व्यवस्था** | **संशोधित व्यवस्था** | **संशोधन गर्नु पर्नाको औचित्य र कारण** |
|---|---|---|---|---|
| ०१ | दफा ७ मा संशोधन | ७. <u>**विशेष आर्थिक क्षेत्रमा उद्योग स्थानान्तरण गरी सञ्चालन गर्न नसकिने**</u>: (१) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम अनुमतिपत्र लिई वा दर्ता भई सञ्चालनमा रहेको उद्योगको लगानीकर्ताले | (१) दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-<br>"७. <u>**विशेष आर्थिक क्षेत्रमा उद्योग स्थानान्तरण गरी सञ्चालन गर्न सक्ने**</u>: यो | विशेष आर्थिक क्षेत्र बाहिर सञ्चालनमा रहेको उद्योगको लगानीकर्ताले विशेष आर्थिक क्षेत्रभित्र |

| | | | | |
|---|---|---|---|---|
| | | त्यस्तो अनुमतिपत्र वा दर्ताको आधारमा सो उद्योग विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गरी सञ्चालन गर्न सक्ने छैन र त्यस्तो लगानीकर्ताले प्रयोगमा ल्याइसकेका मेशिन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा प्रयोग वा हस्तान्तरण गर्न सकिने छैन ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै खास प्रकारको उद्योगलाई विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गर्न बाधा पर्ने छैन | दफा प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम दर्ता भई वा अनुमतिपत्र लिई विशेष आर्थिक क्षेत्र बाहिर सञ्चालनमा रहेको उद्योगको लगानीकर्ताले प्रयोगमा ल्याइसकेको मेशिन, औजार वा उपकरण विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण गरी उद्योग सञ्चालन गर्न सक्नेछ।" | आकर्षित गर्नुपर्ने भएकोले। |
| ०२ | दफा १३ को उपदफा (१) मा संशोधन | (१) अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापना भएका उद्योगबाट उत्पादन गरेको कम्तीमा साठी प्रतिशत वस्तु वा सेवा निर्यात गर्नुपर्नेछ। | (२) दफा १३ को,-<br>(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापना भएको उद्योगले उत्पादन सुरु गरेको मितिले चार वर्षसम्म उत्पादनको कम्तीमा पन्ध्र प्रतिशत र त्यसपछिका वर्षमा उत्पादनको कम्तीमा तीस प्रतिशत वस्तु वा सेवा निर्यात गर्नु पर्नेछ।" | पहिलो दुई बर्षदेखि निर्यातको न्यूनतम परिमाणको मापदण्ड तोक्दा सुरूवाती चरणमा अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धाका साथै उत्पादनको परिमाण, गुणस्तर र मापदण्ड पुरा गर्न उद्योगीलाई कठिन हुने भएकोले। |
| ०३ | दफा १३ को उपदफा (२) मा संशोधन | उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्रवालाले विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योग सञ्चालनमा आएको मितिले एक बर्ष भित्र त्यस्तो उद्योगबाट उत्पादन गरेको वस्तु वा सेवा नेपालको आन्तरिक बजारमा बिक्रि गर्न सक्नेछ। | उपदफा (२) मा रहेका "एक वर्षभित्र" भन्ने शब्दहरुको सट्टा "तीन वर्षसम्म" भन्ने शब्दहरु राखिएका छन्। | उपदफा (१) संग तादम्यता कायम गर्न आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| ०४ | दफा २७ को उपदफा (२) मा संशोधन | (२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ को उपदफा (२) बमोजिम विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण भएको उद्योगले यस दफा बमोजिमको आयकर छुट पाउने छैन। | दफा २७ को उपदफा (२) मा रहेका "दफा ७ को उपदफा (२) बमोजिम" भन्ने शब्दहरुको सट्टा "दफा ७ बमोजिम" भन्ने शब्दहरु राखिएका छन्। | उपदफा (१) संग तादम्यता कायम गर्न आवश्यक भएकोले। |

## ५. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५

| क्र. स. | मौजुदा ऐनको दफा/उपदफा/खण्ड | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| १. | दफा २ को खण्ड (ग) मा संशोधन | (ग) "गैर आवासीय नेपाली" भन्नाले गैर आवासीय नेपाली सम्बधी प्रचलित कानून बमोजिम गैर आवासीय नेपाली परिचयपत्र प्राप्त व्यक्ति सम्झनुपर्छ। | दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-<br>"(ग) "गैरआवासीय नेपाली" भन्नाले प्रचलित कानून बमोजिम गैरआवासीय नेपाली नागरिकता वा गैरआवासीय नेपाली परिचयपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।" | नागरिकता ऐन, २०६३ बमोजिम मिलाउनु पर्ने भएकाले। |
| २. | दफा २ को खण्ड (च) मा संशोधन | (च) "प्रविधि हस्तान्तरण" भन्नाले उद्योग र विदेशी लगानी कर्तावीच देहायको कुराको सम्बन्धमा सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण सम्झनुपर्छः<br>(१) पेटेण्ट, डिजायन, ट्रेडमार्क, व्यापारिक ख्याति (गुडवील), प्राविधिक विशिष्टता, सुत्र (फर्मुला), प्रक्रिया,<br>(२) उपयोगको इजाजत (युजर्स लाइसेन्स), प्राविधिक जानकारी प्रदान (नो हाउ शेयरिङ्ग) वा प्राविधिक ज्ञानको प्रयोग (फ्रेन्चाइज), | दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-<br>"(च) "प्रविधि हस्तान्तरण" भन्नाले उद्योग र विदेशी लगानीकर्ताबीच वा नेपालमा स्थापना भई सञ्चालनमा रहेको उद्योग वा कम्पनी र विदेशस्थित उद्योग, फर्म वा कम्पनीबीच देहायको विषयमा सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण सम्झनु पर्छः-<br>(१) पेटेण्ट, डिजायन, ट्रेडमार्क, व्यापारिक ख्याति (गुडवील), प्राविधिक विशिष्टता, प्राविधिक ज्ञानको प्रयोग (फ्रेञ्चाइज), सूत्र (फर्मुला), प्रक्रिया, | प्रविधि हस्तान्तरणमा थप विषय समेतलाई समावेश गरी संशोधन गर्दा थप विदेशी लगानीको वातावरण थप सहज हुने भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | (३) वैदेशिक प्राविधिक सल्लाहकार, व्यवस्थापन तथा बजार सेवा उपलब्ध गराउने वा अन्य प्राविधिक सीप वा ज्ञान। | (२) उपयोगको इजाजत (युजर्स लाइसेन्स) वा प्राविधिक जानकारी प्रदान (नो हाउ शेयरिङ्ग),<br>(३) व्यवस्थापन तथा प्राविधिक सेवा,<br>(४) रिभर्स इञ्जिनियरिङ्ग।" | |
| ३. | दफा ७ पछि दफा ७क. थप | साविकमा व्यवस्था नभएको। | दफा ७ पछि देहायको दफा ७क. थपिएको छः-<br>"**७क. <u>विदेशमा प्रविधि हस्तान्तरण गर्न सक्नेः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा स्थापना भई सञ्चालनमा रहेको उद्योग वा कम्पनीले विदेशस्थित उद्योग, फर्म वा कम्पनीमा प्रविधि हस्तान्तरण गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम प्रविधि हस्तान्तरण गरे बापत प्राप्त हुने विदेशी मुद्रा नेपाल राष्ट्र बैङ्कको अनुमति लिई नेपालमा भित्र्याउनु पर्नेछ।<br>(३) उपदफा (१) बमोजिमको प्रविधि हस्तान्तरण गर्न कुनै उद्योग, फर्म वा कम्पनीले विभागको अनुमतिमा सम्बन्धित देशमा आफ्नो शाखा कार्यालय वा इकाई खोल्न सक्नेछ।" | प्रविधि हस्तान्तरणमा थप विषयलाई समेत समावेश गर्नुपर्ने भएकोले। |
| ४. | दफा १२ मा संशोधन | **१२. <u>विदेशी लगानीबाट ऋण लिन सक्नेः</u>** विदेशी लगानी भएको कुनै उद्योगले प्रचलित नेपाल कानून बमोजिम मन्त्रालयको सिफारिस र नेपाल राष्ट्र बैंकको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी (प्रोजेक्ट | दफा १२ मा रहेका "मन्त्रालयको सिफारिस र" भन्ने शब्दहरु झिकिएका छन्। | विदेशी लगानीका उद्योगले अन्तर्राष्ट्रिय संस्थाबाट ऋण लिने प्रक्रियालाई सरलीकरण गर्न। |

| | | | | |
|---|---|---|---|---|
| | | फाइनान्सिङ्ग) सम्झौता गरी ऋण लिन सक्नेछ। | | |
| ५. | दफा १७ मा संशोधन | **१७. <u>बिदेशी लगानी स्वीकृत गर्ने निकायः</u>** (१) छ अर्ब रुपैयाँसम्मको विदेशी लगानीको स्वीकृती विभागले गर्नेछ ।<br><br>(२) छ अर्ब रुपैयाँभन्दा बढीको विदेशी लगानीको लगानी बोर्ड ऐन, २०६८ अन्तर्गतको लगानी बोर्डले गर्नेछ । | दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः-<br>"**१७. <u>विदेशी लगानीको स्वीकृतिः</u>** यस ऐन बमोजिम हुने विदेशी लगानीको स्वीकृति विभागले गर्नेछ।" | उद्योग तर्फको विदेशी लगानी विभागबाट स्वीकृत हुन सकेमा लगानी प्रकृयामा सिघ्रता एवं सहजता अनुभवका साथै एकल बिन्दु सेवा केन्द्रको लक्ष्य प्रासीमा सहजता हुने। |
| ६. | दफा ४५ को उपदफा (१) मा संशोधन | (१) विदेशी लगानी भएका उद्योगले त्यस्तो उद्योगको उत्पादनको मुख्य उत्पादन बाहेक आफ्नो उत्पादनको कुनै भाग वा उद्योगलाई आवश्यक पर्ने सहायक वस्तु वा सेवा अन्य उद्योगसँग करार गरी उत्पादन गर्न सक्नेछ। | दफा ४५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) विदेशी लगानी भएको उद्योगले समान उद्देश्य भएको अन्य उद्योगसँग एकआपसमा करार (कन्ट्रयाक्ट) वा उपकरार (सब-कन्ट्रयाक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न वा गराउन सक्नेछ।" | समान उद्देश्य भएका विदेशी लगानीका उद्योग वीच सम्झौता गरी तयारी वस्तु तथा सेवा र सहायक वस्तु उत्पादन गर्दा उत्पादन लागत घट्ने भएकोले। |
| ७. | अनुसूचीको बुँदा नं .९ पछि बुँदा नं. १० थप। | साविकमा व्यवस्था नभएको। | अनुसूचीको क्रमसङ्ख्या ९ पछि देहायको क्रमसङ्ख्या १० थपिएको छः-<br>"१०. सत्तरी प्रतिशतभन्दा बढी विदेशी लगानी हुने राइड शेयरिङ।" | यातायात सेवा अत्यावश्यक र संवेदनशील सेवा भएको र विद्युतिय प्लेटफर्मको प्रयोग गरी सेवा प्रवाह गर्नेगरि वर्गीकरणमा समावेश भएकोले यस प्रकारको सेवा संचालन |

| | | | | |
|---|---|---|---|---|
| | | | | गर्दा नेपालीको समेत लगानी हुँदा लगानीको प्रतिफल देश भित्रका उद्यमीहरूले प्राप्त गर्ने। |

६. सार्वजनिक_२०७५ ,निजी साझेदारी तथा लगानी ऐन-

| क.सं. | मौजुदा ऐनको दफा/उपदफा/खण्ड | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| १. | दफा ९ को उपदफा (१) मा संशोधन | (१) यस ऐन बमोजिम कार्यान्वयन हुने परियोजनाको कार्यान्वयन तथा अनुगमन गर्न तथा सो कार्यमा सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक अनुगमन तथा सहजीकरण समिति रहनेछः-<br>(क) बोर्डको उपाध्यक्ष - संयोजक<br>(ख) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार निकाय विषय हेर्ने) - सदस्य<br>(ग) सचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य<br>(घ) सचिव, उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय - सदस्य<br>(ङ) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य | (१) दफा ९ को उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-<br>"(ख१) सचिव, अर्थ मन्त्रालय — सदस्य<br>(२) खण्ड (झ) मा रहेका "खण्ड (ठ)" भन्ने शब्दहरुको सट्टा "खण्ड (ञ)" भन्ने शब्दहरु राखिएका छन्।" | लगानीसँग सम्बन्धित लगानीकर्ताहरूलाई दिने सुविधाको सम्बन्धमा अर्थ मन्त्रालयको प्रतिनिधित्व हुँदा निर्णय प्रक्रियामा सिघ्रता एवं सहजता हुने भएकोले।<br>२. अनुगमन तथा सहजीकरण समितिमा दफा ५ को उपदफा (२) को खण्ड (ञ) बमोजिम बोर्डले मनोनयन गरेका विशेषज्ञसदस्य मध्येबाट हुनुपर्नेमा (ठ) ऐनमा |

| | | | | |
|---|---|---|---|---|
| | | (च) सचिव, राष्ट्रिय योजना आयोग - सदस्य<br>(छ) सचिव, परियोजनासँग सम्बन्धित मन्त्रालय - सदस्य<br>(ज) प्रमुख कार्यकारी अधिकृत - सदस्य<br>(झ) दफा ५ को उपदफा (२) को खण्ड (ठ) बमोजिमका सदस्यबाट बोर्डको अध्यक्षले तोकेको एक जना- सदस्य<br>(ञ) बोर्डको सार्वजनिक-निजी साझेदारी एका प्रमुख - सदस्य | | खण्ड (ठ) रही असान्दर्भिक भएकोले त्यसलाई मिलाउन संशोधन प्रस्ताव गरिएको हो। |
| ३. | दफा १० को उपदफा (२) र (३) मा संशोधन | (२) कार्यालयको सङ्गठनात्मक संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।<br>(३) कार्यालयले आवश्यक देखेमा बोर्डको स्वीकृति लिई सल्लाहकार वा विशेषज्ञको समूह गठन गर्न सक्नेछ। | दफा १० को,-<br>(१) उपदफा (२) मा रहेका "कर्मचारीको दरवन्दी" भन्ने शब्दहरु पछि "बोर्डको सिफारिशमा" भन्ने शब्द थपिएका छन्।<br>(२) उपदफा (३) झिकिएको छ। | ऐनको मौजुदा व्यवस्था बमोजिम बोर्डको सचिवालयको रुपमा रहेको बोर्डको कार्यालयको संगठनात्मक संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुने व्यवस्था छ। यो व्यवस्था आफैंमा अनुपयुक्त नभए तापनि स्वदेशी तथा विदेशी लगानीकर्तासंग काम गर्ने संस्थाको केही हदसम्म कार्यमूलक |

| | | | | |
|---|---|---|---|---|
| | | | | स्वायत्तता ( functional autonomy) रहनु वान्छनीय देखिंदा सोही बमोजिम बोर्डको सिफारिसमा नेपाल सरकारले संगठनात्मक संरचना र कर्मचारीको दरबन्दी स्वीकृत गर्ने व्यवस्था संशोधन प्रस्ताव गरिएको हो।<br>साथै, उपदफा (२) मा रहेको व्यवस्था दफा १२ को उपदफा (२) मा नै रहेकोले प्रस्तुत दफाको उपदफा (२) हटाउन प्रस्ताव गरिएको हो। |
| ४ | दफा ५८ पछि दफा ५८क. थप | साविकमा व्यवस्था नभएको | दफा ५८ पछि देहायको दफा ५८क. थपिएको छः-<br>**५८क. <u>स्थायी कर्मचारी</u>**ः (१) कार्यालयमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरह वा सोभन्दा तल्लो पदमा दफा १० को उपदफा (२) बमोजिमको सङ्गठनात्मक संरचनामा स्वीकृत दरबन्दी बमोजिमका स्थायी कर्मचारी रहनेछन्।<br>(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति लोक सेवा आयोगको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतबाट हुनेछ। | स्थायी कर्मचारीको व्यवस्था हुँदा संस्थागत विशेषज्ञता विकास भई लगानीलाई थप सहजिकरण गर्न सक्ने भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | (३) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको नियुक्ति प्रक्रिया, पदनाम, पदीय जिम्मेवारी, सेवाका शर्त, पारिश्रमिक तथा सुविधा तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिएसम्म बोर्डले निर्धारण गरे बमोजिम हुनेछ। | |
| ५. | दफा ५९ को दफा शीर्षकमा र उपदफा (१) मा संशोधन | **५९. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u>:** (१) बोर्डलाई आवश्यक पर्ने कर्मचारी बोर्डको अनुरोधमा नेपाल सरकारले उपलब्ध गराउनेछ। | दफा ५९ को,-<br>(क) दफा शीर्षकमा रहेको "सम्बन्धी" भन्ने शब्द पछि "अन्य" भन्ने शब्द थपिएको छ।<br>(ख) उपदफा (१) मा रहेका "बोर्डलाई आवश्यक पर्ने कर्मचारी" भन्ने शब्दहरुको सट्टा "दफा ५८क. मा लेखिएदेखि बाहेक बोर्डलाई आवश्यक पर्ने अन्य कर्मचारी" भन्ने शब्दहरु राखिएका छन्। | स्थायी कर्मचारीको व्यवस्था हुँदा संस्थागत विशेषज्ञता विकास भई लगानीलाई थप सहजिकरण गर्न सक्ने भएकोले। |
| ६. | दफा ६१ मा संशोधन | **६१. <u>अधिकार प्रत्यायोजन</u>:** बोर्डले यस ऐन बमोजिम आफूलाई प्राप्त केही अधिकार मातहतका पदाधिकारी वा समिति वा नेपाल सरकारले कुनै निकाय वा पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ। | दफा ६१ मा रहेका “निकाय वा पदाधिकारीलाई” भन्ने शब्दहरुपछि “र प्रमुख कार्यकारी अधिकृतले यस ऐन बमोजिम आफूलाई प्राप्त केही अधिकार आफ्नो मातहतको कर्मचारीलाई” भन्ने शब्दहरु थपिएका छन्। | अधिकार प्रत्यायोजन मार्फत कार्य प्रक्रियालाई सरलीकरण गर्न। |
| ७. | दफा ६८ पछि दफा ६८क. थप | साविकमा व्यवस्था नभएको | दफा ६८ पछि देहायको दफा ६८क. थपिएको छः-<br>**"६८क. <u>पूर्व सहमति लिनुपर्नेः</u>** यो ऐन कार्यान्वयनको क्रममा आर्थिक दायित्व सिर्जना हुने विषयमा बोर्डले नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्नेछ।" | सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गरिने विभिन्न परियोजनाको प्रशासन, नियमन र अनुगमन गर्ने लगानी बोर्ड आफैंमा एक चुस्त (स्मार्ट) कार्यालय भएकोले यसका काम, |

| | | | | |
|---|---|---|---|---|
| | | | | कारवाहीहरु र खासगरी वित्तीय काम कारवाही व्यवस्थित र पारदर्शी हुनु वान्छनीय हुन्छ। तर बोर्डको आन्तरिक व्यवस्थापनमा आन्तरिक नियन्त्रण प्रणाली नभएकोले त्यस प्रयोजनका लागि यस दफामा उपदफा (१क) थप्न आवश्यक भएकोले। |

## ७. वन ऐन, २०७६

| क्र. स. | मौजुदा ऐनको दफा/उपदफा/खण्ड | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| १. | दफा २ को खण्ड (द) मा संशोधन | (द) "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका पैदावार सम्झनु पर्छ:- (१) काष्ठ पैदावार,<br>(२) गैरकाष्ठ वन पैदावार, वा<br>(३) चट्टान, माटो, नदीजन्य र खनिजजन्य पदार्थ। | दफा २ को खण्ड (द) को उपखण्ड (३) को सट्टा देहायको उपखण्ड (३) राखिएको छः-<br>"(३) चट्टान, ढुङ्गा र माटो।" | खनिजजन्य पदार्थ हटाई प्रचलित कानूनको मर्म तथा भावना अनुकुल बनाउने गरी वन पैदावारको परिभाषा गर्न उपयुक्त हुने भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| २. | दफा ४३ को उपदफा (२) मा संशोधन | (२) उपदफा (१) बमोजिमको अन्वेषणबाट राष्ट्रिय वनभित्र सुन, चाँदी, तामा, फलाम जस्ता खनिज पदार्थ रहेको पत्ता लागी उत्खनन् गर्नु परेमा प्रचलित कानून बमोजिम वातावरणीय परीक्षण गरी त्यसरी उत्खनन् गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा त्यस्ता खनिज पदार्थ उत्खनन् गर्नको निमित्त नेपाल सरकारले वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।<br>तर राष्ट्रिय प्राथमिकता प्राप्त विकास योजना, लगानी बोर्डबाट विदेशी लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजनामा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न र उल्लिखित खनिज पदार्थ बाहेक वनक्षेत्रबाट अन्य खनिजजन्य वन पैदावार उत्खनन् गर्न पाईने छैन। | दफा ४३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-<br>"(२) उपदफा (१) बमोजिमको अन्वेषणबाट राष्ट्रिय वनभित्र खनिज पदार्थ रहेको पत्ता लागि उत्खनन् गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन गरी त्यसरी उत्खनन् गर्दा वातावरणमा उल्लेख्य प्रतिकूल असर नपर्ने भएमा त्यस्तो खनिज पदार्थ उत्खनन् गर्नको लागि नेपाल सरकारले वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिन सक्नेछ।<br>तर राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना वा लगानी बोर्डबाट स्वीकृत भएको आयोजना वा राष्ट्रिय गौरवको आयोजना वा नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगमा प्रयोग हुने कच्चा पदार्थ उपयोग गर्न बाहेक वनक्षेत्रभित्र पर्ने चट्टान, ढुङ्गा र माटो उत्खनन् गर्न पाइने छैन।" | खनिज पदार्थ उत्खनन गर्ने सम्बन्धमा खानी तथा खनिज पदार्थ ऐन, २०४२ अनुकुल बनाउनुपर्ने भएकोले। |

## ८. औद्योगिक व्यवसाय ऐन२०७६ ,

| क्र.स. | मौजुदा ऐनको दफा/उपदफा/खण्ड | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| १. | दफा २ को खण्ड (थ) पछि (थ१) थप | साविकमा व्यवस्था नभएको। | दफा २ को खण्ड (थ) पछि देहायको खण्ड (थ१) थपिएको छः-<br>"(थ१) "स्टार्टअप उद्यम" भन्नाले दफा ४क. बमोजिमको स्टार्टअप उद्यम सम्झनु पर्छ।" | स्टार्टअप उद्यम तथा व्यवसायको परिभाषामा स्पष्टता ल्याउदा स्टार्टअपलाई प्रवर्द्धन गर्न सहज हुने भएकोले। |
| २. | दफा ४ को उपदफा (१) को खण्ड (ङ) पछि खण्ड (च) थप | साविकमा व्यवस्था नभएको। | उपदफा (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थप गरिएको छः-<br>"(च) ठूला उद्योग।" | उद्योग मन्त्रालयको परिपत्रबाट १० करोड कायम गरिएकोले प्रदेशलाई थप अधिकार समपन्न गराउने गरी अधिकार प्रदान गर्न आवश्यक भएकोले। |
| ३. | दफा ४ को उपदफा (६) मा संशोधन | (६) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले अपुग विवरण वा कागजात पेश गर्न बढिमा नब्बे दिनको अवधि तोकी निवेदकलाई तत्काल जानकारी दिनुपर्नेछ। | उपदफा (६) मा रहेका "नब्बे दिनको" भन्ने शब्दहरूको सट्टा "एक्काइस दिनको" भन्ने शब्दहरू राखिएका छन। | उद्योग प्रशासनको कार्य छिटो छरितो गराउन आवश्यक भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| ४. | दफा ४ पछि दफा ४क. ४ख ४ग र ४घ थप | साविकमा व्यवस्था नभएको। | दफा ४ पछि देहायको दफा ४क.,थप गरिएको छः-<br>"**४क. <u>स्टार्टअप उद्यमको दर्ता तथा सञ्चालनः</u>** (१) कुनै फर्म वा कम्पनीले कुनै वस्तु वा सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण तथा सिर्जनशील सोचको प्रयोग गरी व्यावसायिक रुपमा सञ्चालन गरेको देहाय बमोजिमका उद्यमलाई यस ऐन बमोजिम उद्योग दर्ता गर्ने निकायले स्टार्टअप उद्यमको रुपमा दर्ता गर्न सक्नेछः-<br>(क) नयाँ कम्पनी, प्राइभेट फर्म वा साझेदारी फर्मको रुपमा दर्ता भएको,<br>(ख) वस्तु वा सेवाको उत्पादनमा नवीन सोच र प्रविधि प्रयोग भएको,<br>(ग) छिटो स्तरोन्नतिको सम्भावना भएको,<br>(घ) खण्ड (क) बमोजिम दर्ता भएको मितिले दश वर्षको अवधि ननाघेको, र<br>(ङ) दर्ता पश्चात कुनै आर्थिक वर्षको वार्षिक कारोबार पन्ध्र करोड रूपैयाँ भन्दा बढी नभएको।<br>(२) उपदफा (१) बमोजिमको स्टार्टअप उद्यमलाई प्रवर्द्धन गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले उद्यम सम्बर्द्धन केन्द्रको सञ्चालन गर्न सक्नेछ। | स्टार्टअप उद्योग प्रवर्द्धन गर्न कानूनी व्यवस्था गर्नुपर्ने भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | (३) स्टार्टअप उद्यमको नियमन त्यस्तो उद्यमको दर्ता गर्ने निकायबाट हुनेछ। (४) उपदफा (१) बमोजिम स्टार्टअप उद्यम दर्ता गर्ने निकायले सो सम्बन्धी विवरण छुट्टै अभिलेख तयार गरी राख्नु पर्नेछ। (५) स्टार्टअप उद्यमको दर्ता तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।" | |
| ५.र | दफा ९ को उपदफा (२) मा संशोधन | (२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै त्यस्तो अवधि थपको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ। | उपदफा (२) मा रहेका "उद्योग दर्ता प्रमाणपत्रमा उल्लेखित अवधि समाप्त हुनु भन्दा कम्तिमा तीस दिन अगावै त्यस्तो" भन्ने शब्दहरू झिकिएका छन्। | दर्ता भई पूर्वाधार निर्माणको चरणमा रहेका र संचालनमा आउन नसकेका उद्योगहरूको संचालनका लागि सहजिकरण गर्न। |
| ६. | दफा ९ को उपदफा (३) मा संशोधन | (३) उपदफा (२) बमोजिमको अवधिभित्र निवेदन दिन नसकेमा सोको आधार र कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधिभित्र वा सो अवधि समाप्त भएको मितिले छ महिनाभित्र उक्त अवधि बढाउनका लागि तोकिए बमोजिमको विलम्ब शुल्क बुझाई उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ । | दफा ९ को उपदफा (३) झिकिएको छ। | दर्ता भई पूर्वाधार निर्माणको चरणमा रहेका र संचालनमा आउन नसकेका उद्योगहरूको संचालनका लागि सहजिकरण गर्न। |

| | | | | |
|---|---|---|---|---|
| ७. | दफा ९ को उपदफा (४) मा संशोधन | (४) उपदफा (२) वा (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा उद्योग स्थापनाको लागि गर्नु पर्ने निर्माण कार्य लगायतका कामको प्रगति र उद्योगको प्रकृक्ति हेरी उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम थप गर्न सक्नेछ । | उपदफा (४) मा रहेका "वा (३)" भन्ने शब्दहरु झिकी सोही उपदफामा रहेको "निकायले" भन्ने शब्द पछि "तोकिए बमोजिमको बिलम्ब शुल्क लिई" भन्ने शब्दहरु थपिएका छन्। | दर्ता भई पूर्वाधार निर्माणको चरणमा रहेका र संचालनमा आउन नसकेका उद्योगहरूको संचालनका लागि सहजिकरण गर्न। |
| ८. | दफा ९ को उपदफा (५), (६) र (७) मा संशोधन | (५) उपदफा (४) बमोजिम अवधि थपिएकोमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन, आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ ।<br>(६) उपदफा (४) बमोजिम कुनै उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप हुन नसकेकोमा त्यस्तो निर्णय भएको सात कार्य दिनभित्र सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।<br>(७) उपदफा (४) बमोजिम कुनै उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप हुन नसकेमा त्यस्तो उद्योगलाई दिइएको दर्ता अनुमति स्वतः निष्क्रिय भएको मानिनेछ । | दफा ९ को उपदफा (५), (६) र (७) झिकिएको छ। | दर्ता भई पूर्वाधार निर्माणको चरणमा रहेका र संचालनमा आउन नसकेका उद्योगहरूको संचालनका लागि सहजिकरण गर्न। |

| | | | | |
|---|---|---|---|---|
| ९. | दफा २९ को खण्ड (ठ) पछि खण्ड (ड), (ढ) र (ण) थप | साविकमा व्यवस्था नभएको। | दफा २९ को खण्ड (ठ) पछि देहायका खण्ड (ड), (ढ) र (ण) थपिएका छनः-<br>"(ड) प्रचलित कानून बमोजिम स्थापना भएको उद्योगले स्वीकृत कच्चा पदार्थ खपतको क्षमता अनुसार कच्चा पदार्थ प्रयोग गर्दा खेर जाने कच्चा पदार्थ (जर्ति) को मापदण्ड उद्योग दर्ता गर्ने निकायले तोक्न सक्ने,<br>(ढ) एक अर्बभन्दा बढी पुँजी लगानीमा स्थापना हुने सूचना प्रविधि क्षेत्रसँग सम्बन्धित उद्योगलाई नेपाल सरकारले तोकिए बमोजिम प्रोत्साहन तथा सुविधा प्रदान गर्न सक्ने,<br>(ण) स्टार्टअप उद्यमलाई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले प्रोत्साहन, छुट, सहुलियत वा वित्तीय तथा गैरवित्तीय सुविधा प्रदान गर्न सक्ने।" | स्टार्टअप उद्यम प्रवर्द्धन गर्न कानूनी व्यवस्था गर्नुपर्ने भएकोले। |
| १०. | दफा ३२ को उपदफा (६) मा संशोधन | (६) प्रचलित कानून बमोजिम हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमतिप्राप्त उद्योगले त्यसरी हदबन्दीभन्दा बढी राखेको जग्गा बिक्रि वितरण गर्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न वा बैंक तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन पाउने छैन। | "(६) प्रचलित कानून बमोजिम हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमतिप्राप्त उद्योगले खरिद गरेको जग्गाको पचास प्रतिशतसम्म जग्गा विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) को आधारमा उद्योग दर्ता गर्ने निकायले निर्धारण गरेको क्षेत्रमा उद्योगको क्षमता अभिवृद्धिको लागि बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्नेछ।<br>तर तोकिएको शर्तको अधीनमा रही परियोजना कर्जा (प्रोजेक्ट फाइनान्सिङ्ग) लिन भने यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।<br>**<u>स्पष्टीकरणः</u>** यस उपदफाको प्रयोजनको लागि "क्षमता अभिवृद्धि" भन्नाले उद्योगको प्रबन्धपत्रमा उल्लिखित | हदबन्दीभन्दा बढी भएको जग्गालाई बिक्रि तथा धितोमा राख्न दिँदा लगानीकर्ताको वित्तीय पहुच बढ्ने भएकोले। |

| | | | | |
|---|---|---|---|---|
| | | | उद्देश्य अनुरूप उद्योगको उत्पादन र उत्पादकत्व बढाउने गरी पूर्वाधार विस्तार वा मेशिनरी खरिद तथा स्थापनाको लागि गरिने लगानी सम्झनु पर्छ।" | |
| ११. | दफा ५० को उपदफा (१) मा संशोधन | (१) प्रचलित कानून वमोजिम दर्ता भई संचालनमा रहेको कुनै उद्योगले त्यस्तो उद्योगको उत्पादनको मुख्य उत्पादन बाहेक आफ्नो उत्पादनको कुनै भाग वा उद्योगलाई आवस्यक पर्ने सहायक वस्तु वा सेवा अन्य उद्योग संग करार वा उपकरार गरी उत्पादन गर्न सक्नेछ। | दफा ५० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-<br>"(१) समान उद्देश्य लिई प्रचलित कानून बमोजिम दर्ता भएका उद्योग, फर्म, कम्पनी वा प्रतिष्ठानले एकआपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सब-कन्ट्र्याक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न वा गराउन सक्नेछन्।" | समान उद्देश्य भएका कुनै उद्योग, फर्म, कम्पनी वा प्रतिष्ठानले एक आपसमा करार गरी उत्पादन गर्नसक्ने व्यवस्थालाई सहज वनाई उत्पादन लागत घटाउने व्यवस्था गर्न उपयुक्त हुने भएकोले। |
| १२. | दफा ६० मा संशोधन | ६०. **<u>म्याद थप वा पुनः दर्ता सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम उद्योग दर्ता भई उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने म्याद समाप्त भई उद्योग सञ्चालन, व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेका उद्योगहरु वा यसअघि म्याद थप भई घपिएको म्यादभित्र समेत उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार गर्न नसकी म्याद गुजारेका उद्योगले निवेदन दिन पाउने गरी एक पटकका लागि यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र म्याद घपका लागि उद्योग | दफा ६० झिकिएको छ। | दर्ता भई पूर्वाधार निर्माणको चरणमा रहेका र संचालनमा आउन नसकेका उद्योगहरूको संचालनका लागि सहजिकरण गर्न। |

| | | | | |
|---|---|---|---|---|
| | | दर्ता गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग दर्ता गर्ने निकायले म्याद थप गर्नु पर्ने मनासिब कारण देखेमा यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी देहाय बमोजिमको विलम्ब शुल्क लिई म्याद थप गर्न सक्नेछः-<br>(क) लघु उद्यमको हकमा प्रतिवर्ष पाँच हजार रुपैयाँका दरले,<br>(ख) घरेलु तथा साना उद्योगको हकमा प्रतिवर्ष पन्ध्र हजार रुपैयाँका दरले,<br>(ग) मझौला उद्योगको हकमा प्रतिवर्ष पचास हजार रुपैयाँका दरले,<br>(घ) ठूला उद्योगको हकमा प्रतिवर्ष एक लाख पचास हजार रुपैयाँका दरले ।<br>(३) उपदफा (२) बमोजिम कुनै उद्योगको म्याद थप सम्बन्धी निर्णयको जानकारी सम्बन्धित निवेदकलाई निर्णय भएको सात कार्य दिनभित्र दिनु पर्नेछ। | | |
| **१३.** | दफा ६८ को उपदफा (१) को खण्ड (ङ) पछि खण्ड (ङ१) र (ङ२) थप | साविकमा व्यवस्था नभएको। | दफा ६८ को उपदफा (१) को खण्ड (ङ) पछि देहायका खण्ड (ङ१) र (ङ२) थपिएका छन्:-<br>"(ङ१) स्टार्टअप उद्यम दर्ता तथा नियमन सम्बन्धी,<br>(ङ२) उद्यम सम्बर्द्धन केन्द्र (बिजनेश इन्कुवेसन सेन्टर) स्थापना तथा नियमन सम्बन्धी।" | स्टार्टअप उद्यम व्यवसाय संचालन र औद्योगिक व्यवसाय सम्बर्द्धन केन्द्र सम्बन्धी |

| | | | | |
|---|---|---|---|---|
| | | | | बिषय थप गर्न उपयुक्त हुने भएकोले। |
| **१४.** | अनुसूची ९ को बुँदा नं. १६ पछि बुंदा नं. १७ थप | साविकमा व्यवस्था नभएको। | अनुसूची-९ को बुंदा नं. १६ पछि देहायको बुंदा नं. १७ थप गरिएको छः-<br>"१७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सेवा, केबलकार।" | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सेवा, केबलकार उद्योगलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको सूचीमा समावेश गर्दा थप राजश्व र रोजगारीमा योगदान पुग्ने भएकोले। |